थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ईन्द्रायणीचौर, मकवानपुर
बागमती प्रदेश, नेपाल

कृष्ण गिरी
प्रमुख प्रशासकीय अधिकृत

## दामन रिसोर्ट ठेक्काबाट संञ्चालन सम्बन्धी ३० दिने बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति:२०८०/०४/२५

थाहा नगरपालिकाबाट **स्थानीय सरकार सञ्चालन ऐन,२०७४** को परिच्छेद ९ तथा पर्यटकीय स्थल,पार्कहरु लिजमा दिई सञ्चालन गराउने सम्बन्धी कार्यविधी, २०७९मा व्यवस्था भए बमोजिम आ.व.२०८०/०८१देखि २०वर्षको लागि दामन भ्युटावर समेत एकमुष्ठ बढाबढको माध्यमबाट ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले ईच्छुक व्यक्ति वा संस्थाले तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन यसै सूचनाबाट जानकारी गरिएको छ

शर्तहरु:

१. गोप्य शिलवन्दी बोलपत्र उल्लेखित दस्तुर बुझाई खरिद गर्न सकिने छ ।

२.बोलपत्र ३१औ दिनको १२बजे सम्म दर्ता गराउन सकिने छ ।

३.बोलपत्र ३१औ दिनको २.००बजे नगरपालिकामा खोलिने छ ।

४.गोप्य शिलबन्दि बोलपत्र बोलपत्र दाता स्वयंम वा निजको प्रतिनिधी र कार्यालयको प्रतिनिधीको रोहवरमा यस कार्यालयमा खोलिने छ ,बोलदाता वा निजको प्रतिनिधी उपस्थिति नभए पनि गोप्य शिलवन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

५. बोलपत्र साथ आफुले कबोल गरेको अंकको ५ प्रतिशत(पाँच प्रतिशत) रकम यस कार्यालयको कृषि बिकास बैंकको धरौटी खाता नं.०५०८४०११५५७३८०३०मा जम्मा गरेको सक्कलै भौचर संलग्न राख्नुपर्नेछ ।

६. गोप्य शिलवन्दी बोलपत्रमा आफुले कबुल गरेको अंक र अक्षर दुवै स्पष्ट रुपले उल्लेख गर्नुपर्ने छ ,केरमेट भई अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

७. गोप्य शिलवन्दी बोलपत्र दखिला गर्दा खाममा राखी शिलवन्दी खामको बाहिर यस कार्यालयको नाम र बोलपत्रको शीर्षक स्पष्ट खुलाउनु पर्नेछ ।

८. गोप्य शिलवन्दी बोलपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुने छ ।

९. बोलपत्र खरिद गर्न र पेश गर्न आन्तरिक राजश्व कार्यालयमा होटल,फर्म दर्ता भई आ.व.२०७८/७९को कर चुक्ता भएको हुनु पर्ने छ र ,फर्म नविकरण भएको पेश गर्ने होटल फर्म नविकरण भएको प्रमाणित प्रतिलिपी स्थानिय फर्मको हकमा व्यवसाय करको प्रमाणपत्रको प्रतिलिपी मूल्य अभिवृद्दी कर दर्ता प्रमाणपत्रको प्रतिलिपी अनिवार्य संलग्न हुनुपर्ने छ,साथै बोलदाताको नागरिकता प्रमाणपत्र,एकिकृत सम्पत्ति कर तथा अन्य व्यवसाय भए सो को कर तिरेको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

१०.म्याद नाघि आएको वा रित नपुगेको वा कुनै शर्त राखि पेश भएको बोलपत्रलाई मान्यता दिईने छैन ।

११.धरौटी बाहेक २० प्रतिशत बराबरको रकम दाखिला गरि बाँकी किस्ता रकम बराबरको कार्य सम्पादन जमानत (Performance Bond )गरेको एक वर्ष म्याद भएको बैंक ग्यारेण्टी पेश गर्नु पर्ने छु । बैंक ग्यारेण्टी पेश गर्ने बोलपत्रदाताले प्रत्येक आ.व.को बैशाख मशान्त भित्र पुनः एक वर्ष बैक ग्यारेण्टी पेश गर्नु पर्ने छ । प्रत्येक आर्थिक वर्षको वैशाख मशान्त भित्र बैंक ग्यारेण्टी पेश नगरे ठेक्का सम्झौता स्वतः भंग भएको मानी पुःन ठेक्का बन्दोवस्त गर्न सूचना प्रकाशित गरिने छ ।

१२. ठेक्का सम्बन्धी कुनै विवाद भएमा नगरपालिकाले गरेको निर्णय अन्तिम हुने र दुबै पक्षलाई मान्य हुने छ ।

१३. ठेक्का स्वीकृत भएको जानकारी पाएको मितिले ७ (सात)दिन भित्र नियमानुसार संझौता गर्न उपस्थित हुनुपर्ने छ।

१४. बोलपत्र स्वीकृत भएको जानकारी पाएको ७(सात) दिन भित्र सम्झौता गर्न नआएमा ठेकदारले राखेको धरौटी रकम जफत गरी प्रचलित ऐन, नियम र कानून बमोजिम हुने छ ।

१५. सम्झौता गर्दा किस्ता २५%बुझाई बाँकी रहेको किस्ता मध्ये पहिलो किस्ता ३०% ५वर्षमा दोश्रो किस्ता ३०% सम्झौता अवधीको १२ बर्ष भित्र बाँकी सम्झौता अवधीको १९बर्ष भित्रर १५% रकम बुझाउनु पर्नेछ । तोकिएको अबधी भित्र बार्षिक किस्ता बुझाई नविकरण गर्नु पर्ने छ नबुझाएमा ठेक्का तोडी नियमानुसार हर्जना सहित कारवाही गरिने छ ।

१६. ठेकेदारले कुनै कारण देखाई ठेक्का रकममा मिनाह,छुट हर्जना, सहुलियत माग गर्न पाउने छैन ।

१७.बोलपत्र स्वीकृत भएको जानकारी पाएको ७(सात)दिन भित्र कबुलियत गरी चलन पुर्जी लिन नआएमा निजले राखेको धरौटी जफत गरी नियमानुसार घटिवाला सँग ठेक्का सम्झौता गर्न सकिने छ ।

१८. नगरपालिकाको कुनै प्रकारको बाँकी बक्यौता रहेको व्यक्ति वा फर्म वा कम्पनीहरुले बोलपत्रमा भाग लिन पाउने छैन ।

१९. जमानत पत्र पेश गर्ने बोलपत्रदाताले प्रत्येक आर्थिक वर्षको जेठ मशान्त भित्र पुनः एक वर्ष म्याद भएको बैंक जमानत पत्र पेश गर्नु पर्ने छ ।प्रत्येक आ.व.को जेठ मशान्त भित्र बैंक जमानत पत्र पेश नगरे तपाई सँग भएको ठेक्का सम्झौता स्वतः भंग भएको मानी पुनः ठेक्काबन्दोबस्त गर्न सूचना प्रकाशित गरिने छ ।

२०. तोकिएको शर्त पालना नभएमा,नियमविपरित कुनै कार्य गरेमा वा परिस्थतिजन्य कारणबाट ठेक्का तोड्नुपर्ने भएमा नगरपालिकाले कम्तिमा ७दिनको सूचना दिनेछ ।सूचना अनुरुप दायित्व जिम्मेवारी राफसाफ गरि तोकिएको म्याद भित्र स्थल खाली गरिदिनु पर्ने छ ।

२१.हाल कायम रहेको संरचना मर्मत गरि सञ्चालन गर्न चाहेमा सञ्चालनकर्ताले आफ्नै खर्चमा व्यवस्थित गर्न सक्नेछ ।

२२.लिजस्थलमा नयाँ संरचना निर्माण गरि व्यवसाय सञ्चालन गर्न चाहेमा नगरपालिकाले तोकिएको नक्शा डिजाईन अनुरुप गर्नुपर्ने छ ।व्यवसायीले आफ्नो डिजाईन अनुरुप संरचना निर्माण गर्न चाहेमा प्रचलित नक्शा डिजाईन नगरपालिकाबाट स्वीकृत गरी अनुमति लिएर मात्र गर्नुपर्नेछ ।

२३.हालको संरचना सामान्य हेरफेर गरि व्यबस्थित गर्न सकिने छ तर भ्यूउटावरलाई पुन:निर्माण गरबा संरचना भत्काएर नयाँ निर्माण गर्न पाईने छैन। यस्तो गर्दा लिज क्षेत्रबाट भत्काई सामाग्री बाहिर लान पाईने छैन ।

२४.सडक विस्तार लगायत जुनसुकै कारणबाट निर्मित संरचना भत्काउनुपर्ने भएमा लिजकर्ताले कुनै दावी गर्न पाउने छैन ।
२
५.पार्किङक्षेत्र व्यवस्थापन सम्बन्धी कार्य लिजकर्ता स्वयंमले गर्नु पर्नेछ ।

२६.लिजको म्याद समाप्त भेसकेपछि वा लिजकर्ताले निर्माण गरेका संरचनाको स्वामित्व स्वत: नगरपालिकाको हुने छ । सो वापत नगरपालिकाले भुक्तानी गर्नु पर्ने गरी कुनै आर्थिक दायित्व सिर्जना हुने छेन ।

२७.नगरपालिकाले तोकेको बाहेकको व्यवसाय गर्न नपाईनुका साथै Sub-Leaseमा दिन पाईने छैन ।

२८.विद्युत महशुल र पानी महशुल बोलपत्रदाताले नै बुझाउनु पर्ने छ

२९.रिसोर्ट सुरक्षाको लागि मूलगेटमा पालेको व्यवस्था अनिवार्य रुपमा बोलपत्रदाता स्वयंयमले नै गर्नु पर्ने छ ।

३०ठेक्का अशुली दररेट यस कार्रलयको सूचना पाटीमा टाँस गरिनुका साथै बोलपत्र फाराम यसै साथ उपलब्ध गराईने छ

३१.नियमानुसार तिर्नु पर्ने सबै किसिमको करहरु ठेकेदारले स्वयमले नै सम्बन्धित निकायमा तिर्नु पर्ने छ ।

३२.कुनै विवाद वा अस्पष्टता भएमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

तपशिलः

| ठेक्का नं. | ठेक्काको किसिम | ठेक्काको अबधी | न्युनत्तम अंक | टेण्डर फाराम दस्तुर |
|---|---|---|---|---|
| २-२०८०-८१ | दामन रिसोर्ट तथा भ्युटावर सञ्चालन | २०वर्ष | १ करोड | ५००० |

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौर, मकवानपुर
बागमती प्रदेश, नेपाल
२०७३

कृष्ण गिरी
प्रमुख प्रशासकीय अधिकृत